इस पुस्तिका में **20** मुद्रित पृष्ठ हैं।
This Booklet contains **20** printed pages.

www.prepp.in
Prepp Your Personal Exams Guide

# MVD18–I

परीक्षा पुस्तिका संख्या
Test Booklet No.

LANG. CODE
**13**

**प्रश्न-पत्र—I / PAPER—I**

**नेपाली भाषा परिशिष्ट / NEPALI LANGUAGE SUPPLEMENT**

**भाग IV & V / PART IV & V**

**परीक्षा पुस्तिका संकेत**
**Test Booklet Code**

**I**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए।**
**Do not open this Test Booklet until you are asked to do so.**

**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ संख्या 20) पर दिए गए निर्देशों को ध्यान से पढ़ें।**
**Read carefully the Instructions on the Back Cover (Page No. 20) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका की पृष्ठ संख्या 2 व 19 देखें।**
**For Instructions in Nepali, see Page Nos. 2 and 19 of this Booklet.**

## *परीक्षार्थियों के लिए निर्देश :*

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका का एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग—IV (भाषा—I) **या** भाग—V (भाषा—II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं**।
2. परीक्षार्थी भाग I, II, III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से।
3. अंग्रेजी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग—IV व भाग—V के अन्तर्गत दिए गए हैं। भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर-पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉलपॉइंट पेन** का प्रयोग करें।
5. इस भाषा पुस्तिका का **संकेत I** है। यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट परीक्षा पुस्तिका का संकेत, उत्तर-पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है। अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं तथा प्रत्येक 1 अंक का है :

   भाग—IV : भाषा—I (नेपाली) (प्रश्न सं॰ 91–120)
   भाग—V : भाषा—II (नेपाली) (प्रश्न सं॰ 121–150)
7. भाग—IV में भाषा—I के लिए 30 प्रश्न और भाग—V में भाषा—II के लिए 30 प्रश्न दिए गए हैं। इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से सम्बन्धित प्रश्न दिए गए हैं। **यदि भाषा—I और/या भाषा—II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है/हैं, तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लें। जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन-पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए।**
8. **परीक्षार्थी भाग—V (भाषा—II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा—I (भाग—IV) में चुनी गई भाषा से भिन्न हो।**
9. रफ़ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें।
10. सभी उत्तर केवल OMR उत्तर-पत्र पर ही अंकित करें। अपने उत्तर ध्यानपूर्वक अंकित करें। उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है।

## *Instructions for Candidates :*

1. This Booklet is a Supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part—IV (Language—I) **OR** Part—V (Language—II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Parts I, II, III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part—IV and Part—V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ballpoint Pen only** for writing particulars on this page/marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **I**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **Two** Parts, IV and V, consisting of **60** Objective-type Questions and each carrying 1 mark :

   Part—IV : Language—I (Nepali) (Q. Nos. 91–120)
   Part—V : Language—II (Nepali) (Q. Nos. 121–150)
7. Part—IV contains 30 questions for Language—I and Part—V contains 30 questions for Language—II. In this Test Booklet, only questions pertaining to Nepali Language have been given. **In case, the language(s) you have opted for as Language—I and/or Language—II is a language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The languages being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part—V (Language—II) in a language other than the one chosen as Language—I (Part—IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ____________________
Name of the Candidate (in Capital letters)

अनुक्रमांक (अंकों में) : ____________________
Roll Number (in figures)

(शब्दों में) : ____________________
(in words)

परीक्षा-केन्द्र (बड़े अक्षरों में) : ____________________
Centre of Examination (in Capital letters)

परीक्षार्थी के हस्ताक्षर : ____________________ निरीक्षक के हस्ताक्षर : ____________________
Candidate's Signature Invigilator's Signature

Facsimile Signature Stamp of Centre Superintendent ____________________

यस पुस्तिकामा 20 पृष्ठ छन्।
www.prepp.in

LANG. CODE
**13**

# MVD18–I

परीक्षा पुस्तिका सङ्केत
**I**

Prepp
Your Personal Exams Guide

## प्रश्न-पत्र—I

## नेपाली भाषा परिशिष्ट खण्ड

## भाग IV र V

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ।**
**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरण (पृष्ठ 19 व 20)-मा दिइएको निर्देश ध्यानले पढ्नुहोस्।**

***परीक्षार्थीहरूका लागि निर्देश :***

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो ती परीक्षार्थीहरूका लागि जुन परीक्षार्थीहरू **या** त भाग—IV (भाषा—I) **या** भाग—V (भाषा—II) **नेपाली** भाषामा दिन चाहन्छन्, तर **दुवैमा होइन**।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाहरूबाट।
3. अङ्ग्रेजी र हिन्दी भाषाका प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग—IV र भाग—V को अन्तर्गत दिइएका छन्। भाषा परिशिष्टलाई तपाईं अलग्गै माग्न सक्नुहुने छ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पत्रिकामा निसान लगाउनको लागि **केवल कालो/नीलो बॉलपोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस्।
5. यो भाषा पुस्तिकाको **सङ्केत I** हो। के सुनिश्चित गर्नुपर्छ भने भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तर पत्रिकाको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ। यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ।
6. यो परीक्षा पुस्तिकामा **दुई** भाग—IV र V छन्, जसमा 60वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन्:
   भाग—IV : भाषा—I (नेपाली) (प्रश्न सं० 91–120)
   भाग—V : भाषा—II (नेपाली) (प्रश्न सं० 121–150)
7. भाग—IV मा भाषा—I का लागि 30 प्रश्न र भाग—V मा भाषा—II का लागि 30 प्रश्न दिइएका छन्। यस परीक्षा पुस्तिकामा केवल नेपाली भाषासँग सम्बन्धित प्रश्न दिइएको छ। **यदि तपाईंको भाषा—I वा भाषा—II नेपालीका अतिरिक्त छ भने कृपया त्यही भाषासँग सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस्। जुन भाषाहरूको प्रश्नहरूको उत्तर तपाईंले दिंदै हुनुहुन्छ त्यो आवेदन-पत्रमा छानिएको भाषाहरूसित अवश्य मेल खानु पर्छ।**
8. **परीक्षार्थीले भाग—V (भाषा—II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा—I (भाग—IV)मा छानिएको भाषाबाट भिन्न होस्।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस्।
10. सबै उत्तर केवल OMR उत्तर पत्रिकामा नै अङ्कित गर्नुहोस्। आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस्। उत्तर बदल्नका लागि श्वेत रञ्जकको प्रयोग निषेध छ।

विद्यार्थीको नाम : ______________________

अनुक्रमाङ्क (अङ्कमा) : ______________________

(शब्दमा) : ______________________

परीक्षा केन्द्र : ______________________

परीक्षार्थीको हस्ताक्षर : ______________ निरीक्षकको हस्ताक्षर : ______________

Facsimile signature stamp of Centre Superintendent ______________________

परीक्षार्थीहरूले **भाषा–I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part–IV (प्रश्न सं० 91–120)** का प्रश्नहरूको उत्तर दिनुपर्नेछ।

Candidates should attempt the questions from **Part–IV (Q. Nos. 91–120)**, if they have opted **NEPALI** as **Language–I** only.

# Part—IV / भाग—IV

## Language—I / भाषा—I

## Nepali / नेपाली

परीक्षार्थीहरूले **भाषा—I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part—IV** (प्रश्न सं० **91–120**) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ।

***निर्देश*** : उपयुक्त विकल्पको चयन गरी तल दिइएका प्रश्नहरूको (प्रश्न सं० **91–105**) उत्तर दिनुहोस्।

**91.** जब विद्यार्थीहरूलाई आफ्नो हिज्जे सुधार्न अनि विरामादि चिन्हहरूको ठिक प्रयोग गर्न सिकाइन्छ तब उनीहरूले—

(1) सिक्ने कौशल सुदृढ पार्छन्

(2) आफ्नो शुद्धतामा विकास गर्छन्

(3) आफ्नो धाराप्रवाहिताको विकास गर्छन्

(4) आफ्नो सृजनात्मकताको विकास गर्छन्

**92.** भाषा-शिक्षण कक्षामा रचनात्मकतावाद (constructivism) को अर्थ हुन्छ—

(1) विद्यार्थीहरू विविध प्रकारका असमान नमुनाहरू पढ्छन् अनि सुव्यवस्थित समाधान प्राप्त गर्छन्

(2) विद्यार्थीहरूले शिक्षकद्वारा सहयोग पाउँछन् अनि उनीहरूको आफ्नै सिद्धान्त निर्माण गर्न विभिन्न प्रकारका माध्यमहरूको प्रयोग गर्छन्

(3) विद्यार्थीहरू वस्तुहरूको अनुभव अनि भाषा कौशलमा यी अनुभवहरूको चिन्तनद्वारा आफ्नो बुझाइ अनि विश्वबारे ज्ञानको निर्माण गर्दछन्

(4) विद्यार्थीहरू आफ्नै स्वयं सिक्ने सामग्री तयार पार्छन् अनि प्रत्यक्ष ज्ञान हासिल गर्छन्

**93.** निम्नलिखितमध्ये कुनलाई भारतमा क्षेत्रीय भाषाको विकासमा एउटा चुनौती मानिँदैन?

(1) यसबारे मानिसहरूको अज्ञानता

(2) सुविधाहरूको अभाव

(3) यसको बोधमा अस्पष्टता

(4) अनुवादमा कठिनता

**94.** भाषा आर्जन हो—

(1) केवल आवश्यक शब्दावलीको प्रयोग

(2) यस्तो वातावरण प्रेरित गर्ने तकनिक जहाँ नानीहरू आफ्नो मातृभाषा सिक्न सक्छन्

(3) व्याकरणको विश्लेषण अनि बोधका लागि एउटा व्यवस्थित दृष्टिकोण

(4) मानव-मस्तिष्कको सहजात क्षमताका कारण भाषा सिक्ने एउटा प्रक्रिया

www.prepp.in

prepp
Your Personal Exams Guide

**95.** भाषा-शिक्षक यसद्वारा लेखन कौशल सिकाउन सक्छन्—

(1) श्रुतिलेखन

(2) नानीहरूलाई स्पष्ट लेख्न लगाएर

(3) मथिङ्गल मन्थन गर्ने किसिमका विचारहरूद्वारा अनि नानीहरूलाई आफ्नै भाषामा लेख्न लगाएर

(4) विद्यार्थीहरूलाई लेख पढ्न लगाएर

**96.** भाषिक प्रवाह केद्वारा विकसित गर्न सकिन्छ?

(1) विद्यार्थीहरूसित बोलेर

(2) नजानेको खण्डमा विद्यार्थीहरूलाई चुपचाप बस्ने अनुमति दिएर

(3) भुलहरू देखाएर अनि तत्काल त्यसको सुधार गरेर

(4) अन्तर्क्रियाका लागि भाषा-प्रयोगको अवसर सिर्जना गरेर

**97.** भाषा-शिक्षणका लागि कुनै प्रभावकारी पाठको आरम्भ हुन्छ—

(1) सिक्ने उद्देश्यहरूको सूची तयार पारेर

(2) सार कथालाई दोहोऱ्याएर अनि कार्यद्वारा विद्यार्थीहरूलाई अभिप्रेरित गरेर

(3) पाठको सन्दर्भ प्रस्तुत गरेर

(4) ब्ल्याक बोर्डमा लेखेर

**98.** निदानात्मक शिक्षण एउटा _____ कार्य हो।

(1) व्यवस्थित (Orderly)

(2) प्रशिक्षणात्मक (Instructional)

(3) निषेधात्मक (Negative)

(4) सैद्धान्तिक (Theoretical)

**99.** भाषा कौशल सिकाउनु पर्छ—

(1) स्पष्ट व्याख्याद्वारा

(2) अलग्गै (in isolation)

(3) एकीकृत ढङ्गमा

(4) अनुकरणद्वारा

prepp Your Personal Exam Guide

www.prepp.in

Your Personal Exams Guide

**100.** भाषा सिक्ने प्रक्रियामा विद्यार्थीहरूलाई उच्चारणमा आत्मविश्वासको कमी हुन्छ। यसको निदान कसरी गर्न सकिन्छ?

(1) कक्षामा जोड-जोडले पढेर

(2) एउटा खेल्ने कार्यको आयोजना गरेर जसमा नानीहरू एक-अर्कासित बोल्छन्

(3) तत्काल भुल सुधार गरेर

(4) भाषा विशेषज्ञहरूको सहायताद्वारा विशेष क्रियाकलापको आयोजना गरेर

**101.** एउटा प्रश्न-पत्र बनाएपछि शिक्षक परीक्षणका उद्देश्यहरूको जाँच गर्छन्। शिक्षकको मुख्य सरोकार प्रश्न-पत्रको कुन पक्षसित छ?

(1) विषय-वस्तुको विस्तार

(2) प्रश्नहरूको प्रकार

(3) विश्वसनीयता

(4) वैधता

**102.** कुन कुराको कठिनाइ पठन-कठिनाइको सूचक होइन?

(1) वर्ण अनि शब्दको पहिचान

(2) हिज्जेको सङ्गति

(3) पठन-गति अनि धाराप्रवाह

(4) शब्द अनि विचारहरू बुझ्नु

**103.** भाषाको प्रकृतिका बारेमा निम्नलिखितमध्ये कुन कथन सही होइन?

(1) प्रत्येक भाषाको आफ्नै संरचना हुन्छ।

(2) भाषा संस्कृति र सभ्यतासित जोडिएको हुन्छ।

(3) भाषा सरलतादेखि जटिलतातर्फ जान्छ।

(4) भाषा संश्लेषणदेखि विश्लेषणतर्फ जान्छ।

**104.** निम्नलिखितमध्ये कुनचाहिँ कक्षा-अभ्यासले मौखिक भाषा विकास सक्षम गराउँछ?

(1) पाठ्यपुस्तकका कथाको शिक्षकसँगको सहपठन वा सामूहिक पठन

(2) समवेत रूपमा शब्दहरूको सही उच्चारण गर्ने अभ्यास

(3) व्यक्तिगत रूपमा कविताहरू पढ्नु र याद गर्नु

(4) मनपर्दा कथाहरूको अभिनयमा सहभागी हुनु

**105.** तीव्र पठनको प्रयोजन हो

(1) रुचि जगाउनु

(2) विशेष विवरण जान्नु

(3) विस्तृत पठन

(4) सूचना प्राप्त गर्नु

*निर्देश* : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न सं० **106–114**) को उपयुक्त उत्तर चिन्हित गर्नुहोस्।

www.prepp.in

विद्यार्थी जीवन मनुष्यको महत्त्वपूर्ण अंश हो। यही जीवनमै भावी जीवनको आधार निर्माण गरिन्छ। व्यावहारिक जीवनको उत्तरदायित्वरहित जीवन भएको हुनाले नै मानिसहरू "विद्यार्थी जीवन सुनौलो जीवन हो" भन्ने गर्छन्। उहिलेका विद्यार्थीहरूको जीवन कठोर थियो। विद्यार्थीहरूले गुरुकुलमा प्रवेश गरेर गुरुको सेवा सत्कार गर्दै गुरुको आज्ञापालन गरी शिक्षा प्राप्त गर्नुपर्थ्यो। शिक्षासाथै चरित्र गठनमा त्यस बेला खुबै ध्यान दिइन्थ्यो। तर आज विद्यार्थीहरू गुरुकुलमा प्रवेश नगरी विद्यालयतिर नै शिक्षा पाउँछन्। दैनिक पाँच छ घन्टा विद्यालयमा गुरुहरूको संसर्गमा रहिरहेको समय गुरुको नजरदेखि दूर रहने हुनाले आजका विद्यार्थीहरूको चरित्र निर्माणमा गुरुजनको महत्त्वपूर्ण हात रहँदैन। यसैले आजका विद्यार्थीहरूमा उच्छृङ्खलता र आडम्बरको मात्रा बढ्दै गइरहेको छ। आजका विद्यार्थीहरूमा अनुशासनहीनताको मात्रा बढेको मुख्य कारणहरूमध्ये एउटा यो पनि भएको छ। प्राचीन संस्कृत भनाइ-अनुसार विद्यार्थीको मुख्य कर्तव्य आफ्नो विद्याध्ययन हो। यसबाहेक उनीहरूको अरू केही काम हुँदैन। तर आज उक्त भनाइ युक्तिसङ्गत ठहरिँदैन, आज उहिले झैँ मानिसको जीवन सरल, शान्त र विश्रामपूर्ण छैन। आधुनिक व्यस्त जमानामा विद्याध्ययनका साथसाथै अरू व्यावहारिक ज्ञान प्राप्त गर्नेहरूले मात्र सफलतापूर्वक जीवन निर्वाह गर्न सक्छन्। तर व्यावहारिक ज्ञान प्राप्तिमा मात्र ध्यान दिएर साधारण विद्याध्ययनमा वास्ता नराख्नेहरू पनि पुस्तकाध्ययनमा मात्र लागिरहनेहरूले झैँ सफल जीवन यापन गर्न सक्दैनन्। विद्यार्थीको प्रमुख कर्तव्य विद्या अध्ययन हो र अन्य कामहरू गौण हुन्। विद्यार्थीहरूले विद्याध्ययनलाई प्राथमिकता दिँदै यस काममा आलस्य प्रकट गर्नु हुँदैन। विद्यार्थी जीवन परिश्रम, लगन र मेहनतको जीवन हो। जसले यस जीवनको महानता बुझेर आलस्य नमानी परिश्रम गर्छ, उसले भावी व्यावहारिक जीवनमा हिरा बन्ने सुयोग प्राप्त गर्छ अनि विद्यार्थी जीवनलाई आनन्द र चैनको जीवन सम्झेर मौज गर्नेहरू पछि जमिनको धुलो हुन बाध्य हुनुपर्छ। आलस्य विद्यार्थी जीवनको ध्वंसकारी शत्रु हो। बीज-अनुसारको बोट हुन्छ भने झैँ कुनै कुनै विद्यार्थीमा असल गुण पहिले नै पनि देख्न सकिन्छ।

**106.** गुरुकुलको शिक्षामा लेखपढबाहेक अरू कुन कुरामा पनि विशेष विचार गरिन्थ्यो?

(1) शारीरिक अवस्था र स्वास्थ्य

(2) विद्यार्थीको व्यवहार, स्वभाव तथा आचरण

(3) गुरुको सेवा अनि गुरुकुलको रेखदेख र साफ-सफाइ

(4) योगाभ्यास, ध्यान तथा ईश्वरस्तुति

**107.** अनुच्छेद-अनुसार तलको कुन सन्देश ठिक हो भनी मान्न सकिन्छ?

(1) विद्यार्थी जीवनमा विद्यार्थीले आनन्द र मोज गरिराख्नु पर्छ

(2) पुस्तकको अध्ययन गर्नु मात्र विद्यार्थीको काम हो

(3) विद्यार्थी जीवनलाई मोज-मज्जा र रमाइलो गर्ने अवसर ठान्नु हुँदैन

(4) जीवनको महानता बुझ्नु आलस्य नहुनाको लक्षण हो

**108.** विद्यार्थी जीवनलाई 'सुनौलो जीवन' किन भनिएको हो?

(1) विद्यार्थी जीवन ईर्ष्या गर्न लायकको हुनाले

(2) विद्या अध्ययनको अवसर यही समयमा मात्र हुनाले

(3) धेरै साथीहरूसित हाँसखेल गर्न पाइनाले

(4) जीवनका विभिन्न व्यवहारगत जिम्मावारीदेखि बाहिर स्वतन्त्र हुनाले

prepp Your Personal Exams Guide

www.prepp.in

**109.** विद्या अध्ययनबाहेक विद्यार्थीका अन्य कामहरू कस्ता र कुन स्तरका हुन्?

(1) साधारण, सहायक र गौण महत्त्वका

(2) विद्यार्थीलाई नसुहाउने किसिमका

(3) विद्यार्थीले गर्नु नै पर्ने खालका

(4) गुरुको घरेलु आवश्यकता र प्रयोजन पूर्ति गर्ने प्रकारका

**110.** संयम, स्वावलम्बन, क्षमाशीलता, उदारता, आज्ञाकारिता—यी शब्दहरूमाझको समानता के हो?

(1) सबै तद्भव शब्द हुन्

(2) सबै गुण बुझाउने विशेषण शब्द हुन्

(3) सबै संज्ञा शब्द हुन्

(4) सबैको रूपरचना एउटै प्रकारको छ

**111.** "बीज-अनुसारको बोट हुन्छ।" यस कथनको पुष्टिका निम्ति तलको कुन उक्ति उपयुक्त छ?

(1) बसे बसिन्छ हिँडे पुगिन्छ

(2) इलमीका भागमा माछा र मासु अल्छीका भागमा आँसु

(3) हाँके पाक्छ ताके लाग्छ

(4) हुने बिरुवाको चिल्लो पात

**112.** 'आलस्य'को विपरीतार्थक शब्द कुन हो?

prepp Your Personal Exams Guide

(1) स्फूर्ति

(2) जागृति

(3) साहस

(4) स्वस्थ

**113.** 'जमिनको धुलो हुनु'—यस पदावलीलाई कुन किसिमको लोकोक्ति मान्न सकिन्छ?

(1) उखान

(2) पहेली

(3) वाग्धारा

(4) अनुभवोक्ति

**114.** विद्यार्थीहरूमा उच्छृङ्खलताको मात्रा बढ्नाको एउटा कारण कुन हो?

(1) आधुनिक जमानाको जीवनशैली र रहनसहन

(2) गुरुहरूको प्रत्यक्ष दृष्टिमा निरन्तर नरहनु

(3) धन-सम्पत्तितिरको बढ्दो अभिरुचि

(4) घर-परिवारबाट विच्छिन्न भइरहनु

prepp Your Personal Exam Guide

*निर्देश* : दिइएको कविता पढेर तल भएका प्रश्नहरू (प्रश्न सं० **115–120**) को उपयुक्त उत्तर चिन्हित गर्नुहोस्।

www.prepp.in

यो हो आसिक दीर्घकाल छ निको हाम्रो परापूर्वको
'आयुद्रोणसुते श्रियो दशरथे शत्रुक्षयो राघवे।'
छोड्नू गर्व नचाहिंदो समयमा नहेपिनू क्यै गरे
'ऐश्वर्य नहुषे गतिश्च पवने मानश्च दुर्योधने।'
ज्वाला दीपकको र धार जलको नजानिंदो चाल झैं
हाम्रो आयु बगेर जान्छ सहजै धारा सहस्रौं हुँदै।
'दानं सूर्यसुते बलं हलधरे सत्यञ्च कुन्तीसुते'
यो हो विक्रम बीस साल अहिले यस्ता अनेकौं बिते।
ठुलाले बहुतै गरे बल अरे, यो मार्गमा मनूपुगोस्
नेपालीत्व जगाउने मन गरे मस्तिष्क तिक्खारियोस्।

**115.** उपर्युक्त पद्यांशका दोस्रो, चौथो र सातौं पङ्क्तिमा आएका संस्कृतका कथनहरूको प्रयोग विशेष कुन अवसरमा गरिन्छ?

(1) सरस्वती पूजा गरेको बेला

(2) दसैंमा ठुलाबडाले टिका लगाई आशीर्वाद दिंदा

(3) नाग पञ्चमीमा पण्डितले दैलामा नाग टासिदिंदा

(4) सत्यनारायणको पूजा गर्दा

**116.** यस पद्यको रचना कहिले भएको बुझिन्छ?

(1) आजभन्दा पैंतालीस वर्षअघि

(2) आजभन्दा पचास वर्षअघि

(3) आजभन्दा पचपन्न वर्षअघि

(4) आजभन्दा साठी वर्षअघि

**117.** यस पद्यमा प्रयुक्त छन्दको लक्षण SSS, IIS, ISI, IIS, SSI, SSI, S हुन्छ भने यो कुन छन्द हो?

(1) शार्दूलविक्रीडित

(2) पञ्चचामर

(3) स्रग्धरा

(4) पृथिवी

**118.** यस कविताको उपयुक्त शीर्षक कुन हुन्छ?

(1) आसिक

(2) अनुनय

(3) अभिवादन

(4) नीति-विचार

**119.** कवितामा लय निर्वाहका लागि प्रयुक्त शब्द 'निको'को अर्थ के हो?

(1) गुरु

(2) कलाकार

(3) असल

(4) अगाडि

**120.** यस कविताको सार पक्षलाई तलको कुन शब्दले सङ्केत गर्न सक्छ?

(1) अतीतमोह

(2) नेपालीत्व

(3) शिक्षा-प्रेम प्रचार

(4) सत्मार्ग

Your Personal Exams Guide

परीक्षार्थीहरूले **भाषा–II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part–V (प्रश्न सं० 121–150)** का प्रश्नहरूको उत्तर दिनुपर्नेछ।

Candidates should attempt the questions from **Part–V (Q. Nos. 121–150)**, if they have opted **NEPALI** as **Language–II** only.

Your Personal Exams Guide

# Part—V / भाग—V

## Language—II / भाषा—II

## Nepali / नेपाली

परीक्षार्थीहरूले **भाषा—II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part—V** (प्रश्न सं० **121–150**) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ।

***निर्देश*** : उपयुक्त विकल्पको चयन गरी तल दिइएका प्रश्नहरूको (प्रश्न सं० **121–135**) उत्तर दिनुहोस्।

**121.** प्राथमिक विद्यालयका विद्यार्थीमा सुन्ने तथा बोल्ने कौशललाई विकसित गर्न निम्नलिखितमध्ये कुनचाहिँ नीति सर्वाधिक उपयोगी हुन्छ?

(1) कथा सुनाउनु अनि श्रुतिलेखन गराउनु

(2) कविता पाठ अनि भाषा प्रयोगशाला

(3) अभिनय (Role play) अनि समाचार वाचन

(4) अभिनय (Role play) अनि अन्तर्क्रिया

**122.** भाषामा निदानात्मक शिक्षणको लक्ष्य हो—

(1) विद्यार्थीहरूका प्रारम्भिक भुलहरूमा सुधार गर्नु

(2) ज्ञानसम्बन्धी भुलहरूमा सुधार गर्नु

(3) विद्यार्थीहरूमा आत्मविश्वासको विकास गर्नु

(4) यी सबै

**123.** भाषाको सामान्य ज्ञानको मूल्याङ्कनमा कुन प्रकारको प्रश्न सर्वाधिक उपयुक्त हुन्छ?

(1) अत्यन्तै छोटो उत्तरका प्रश्न

(2) लामो उत्तरका प्रश्न

(3) निबन्धात्मक प्रश्न

(4) वस्तुनिष्ठ प्रश्न

**124.** ''नानीहरू भाषा सिक्ने सहजात क्षमता लिएर जन्मन्छन्।'' —यो कसले भनेको हो?

(1) ज्याँ पियजे

(2) चम्स्की

(3) विगत्स्की

(4) पाभ्लव

**125.** यदि कुनै बालिका हिन्दीभाषी क्षेत्रबाट तपाईँका क्षेत्रमा आउँछे, उसले तपाईँको भाषा प्रयोग गर्दा भुल गर्छे। एकजना शिक्षकका रूपमा यी मध्ये कुन भनाइ सही मान्नु हुन्छ?

(1) उनलाई उनको भुलबारे घरिघरि सम्झना गराउनु पर्छ

(2) उनलाई भाषा प्रयोगको धेर अवसर दिनुपर्छ

(3) उनलाई प्रत्येक दिन आधा घन्टा नयाँ भाषा बोल्ने अभ्यास गर्न लाउनु पर्छ

(4) नयाँ भाषा प्रयोगमा उनको मातृभाषाको प्रभाव पर्न दिनु हुँदैन

**126.** निम्नलिखित कुनचाहिँ उद्देश्यका लागि भाषा सिक्ने आवश्यकता पर्दैन?

(1) जीवनका विभिन्न अवस्थाबारे बुझ्न

(2) भाषाबोध सिक्नका लागि

(3) आन्तरिक स्वर भन्न र सुन्नका लागि

(4) जीवनका विभिन्न आवश्यकता पुरा गर्नका लागि

www.prepp.in

**127.** भाषाका सन्दर्भमा निबन्धात्मक प्रश्नहरूद्वारा गरिने जाँचका फाइदा निम्नलिखितमध्ये कुन हो?

(1) आफ्ना विचारहरूलाई व्यवस्थित रूपमा लिखित भाषामा प्रस्तुत गर्ने विद्यार्थीको योग्यताको मूल्याङ्कन गर्न यसले सहयोग गर्छ

(2) यसले विद्यार्थीलाई परीक्षाका लागि केही प्रश्नहरूको उत्तर तयारी गर्न मात्र सहयोग गर्छ

(3) विद्यार्थीहरूले केही प्रश्नहरूको उत्तर दिनुपर्नेछ, त्यसैले उनीहरू पढ्ने समय बचाउन सक्छन्

(4) यसले पुरा पाठ्यक्रमको समावेश गर्न सक्छ

**128.** विशिष्ट प्रकृतिका नानीहरू (Children with special needs) को लेखन कौशलको अभ्यासका लागि के-को आवश्यकता पर्दछ?

(1) विचारको मौलिकता

(2) प्रतीकात्मक भाषाको प्रयोग

(3) सही शब्दावलीको प्रयोग

(4) राम्रो हस्ताक्षर

**129.** भाषामा क्रमिक तथा समग्र मूल्याङ्कन (Continuous and comprehensive evaluations) का लागि कुन कुरामा जोड दिनु पर्छ?

(1) सही शब्दावली

(2) परियोजना-कार्य

(3) शुद्ध उच्चारण

(4) विभिन्न सन्दर्भहरूमा भाषा प्रयोग गर्ने क्षमता

**130.** बहुभाषिकता हो—

(1) भाषा-शिक्षणमा बाधा

(2) भाषा-संसाधनका लागि खतरा

(3) भाषा-सिकाइमा एउटा महत्त्वपूर्ण संसाधन

(4) भाषा-सिकाइमा समस्या उत्पन्न गर्ने स्थिति

**131.** भाषाको प्राथमिक रूप हो—

(1) सङ्केत भाषा

(2) व्याकरण

(3) लिखित भाषा

(4) मौखिक भाषा

**132.** प्राथमिक स्तरमा तपाईं कविता र कथा-को कुन पक्षलाई सर्वाधिक महत्त्वपूर्ण मान्नु हुन्छ?

(1) ती मूल्यपरक हुनुपर्छ

(2) कविता अनि कथाहरू शब्दावलीका दृष्टिले समृद्ध हुनुपर्छ

(3) विभिन्न महत्त्वपूर्ण नाम अनि दृष्टान्तहरू दोहोरिएको हुनुपर्छ

(4) महत्त्वपूर्ण लेखकहरूका कविता तथा कथाहरू

www.prepp.in

**133.** भाषामा व्याकरणको शिक्षणले कुन कुराको सुधार गर्न सहयोग गर्छ?

(1) शुद्धता

(2) धाराप्रवाह

(3) सङ्ख्यात्मकता

(4) साक्षरता

**134.** लेखनको परम्परा (Convention of writing)मा संलग्न हुन्छ—

(1) कथाको विचार

(2) कल्पना

(3) सही विरामादि चिन्ह

(4) राम्रा शब्दावली

**135.** भाषाको मूल्याङ्कनको मुख्य उद्देश्य हुनुपर्छ—

(1) सिकारुहरूको भुल खोज्नु

(2) विद्यार्थीहरूका प्रदर्शनको पदोन्नति निर्णय गर्नु

(3) विद्यार्थीहरूका उपलब्धिको जाँच गर्नु

(4) भुलहरू चाल पाउनु अनि सिक्ने कमजोरीको निदान गर्नु

***निर्देश*** **:** दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न सं० **136–143**) को उपयुक्त उत्तर चिन्हित गर्नुहोस्।

एक स्थानदेखि अर्को स्थानमा घुमफिर गर्न जानुलाई यात्रा भनिन्छ। यात्राको महान् शैक्षिक महत्त्व छ। मानिसहरू विभिन्न धारणा एवं उद्देश्य लिएर यात्रा गर्छन्। कोही अनुसन्धान र आविष्कार, कोही भौगोलिक जानकारी, कोही व्यापार-व्यवसाय अनि कोही अध्ययनका निम्ति विभिन्न देश एवं स्थानको यात्रा गर्छन्। कति मानिसहरू मनोरञ्जनका निम्ति यात्रा गर्छन्। आजको अन्तरिक्ष-युगमा यात्रा गर्नु सहज हुन गएको छ। नाना थरीका यान-वाहनहरूको आविष्कारले आज सारा संसार खुम्चिए जस्तै छ। यात्रा गर्नाले मनोरञ्जन मात्र नभएर लाभ पनि हुन्छ। सधैँ एकै ठाउँमा बस्नाले मानिसलाई सन्तुष्टि प्राप्त हुँदैन। धेरै मानिसको हृदय केही नौलो कुरा जान्न, सुन्न र देख्न उत्सुक रहन्छ। यात्रा गर्नाले स्वास्थ्य लाभ पनि हुन्छ। यात्रा गर्दा हामी अनेक नौला-नौला कुराहरू देख्छौँ, बुझ्छौँ, जसद्वारा हामीलाई आनन्द प्राप्त हुन्छ। हृदयको प्रसन्नताले हाम्रो स्वास्थ्यमा पनि महान् प्रभाव पार्छ। यात्रा गर्दा हामी यस्ता ठाउँतिर पनि पुग्छौँ जहाँको जलवायु हाम्रो स्वास्थ्यका लागि अति लाभदायी हुन सक्छ। यसबाहेक यात्रा गर्दा हामी गार्हस्थ्य झमेलाबाट मुक्त हुन्छौँ र यो मुक्तिले पनि हामीलाई स्वास्थ्य लाभ गराउँछ। यात्रा गर्दा समय समयमा अनेक कठिनाइ, अनेक समस्याहरूको सामना गर्नुपर्छ। परिआएको समस्याको सामना गर्न हामीलाई कर लाग्छ र यो आदतले हाम्रो आँट, भरोसा र साहसमा वृद्धि हुन गएर हाम्रो चरित्र-गठनमा सहायता प्रदान गर्छ। यात्राले अधिकांश मानिसलाई स्वावलम्बी तुल्याउँछ। यात्रा तथा देशाटन दोषरहित छैन। यात्रा गरिरहने मानिसको घर-संसार सुचारु रूपले चल्न सक्तैन। हेरचाह गर्ने मान्छेको अभावले घर बर्बाद हुन सक्छ। यात्रा गरिरहने आदत बसेपछि घरमा एक दिन बस्न पनि मानिसलाई गाह्रो पर्छ। यस्ता मानिसहरूले पारिवारिक जीवन र पारिवारिक ममताबाट वञ्चित रहनुपर्छ—जीवन

आनन्दमय भए तापनि नीरस बन्दछ। तर यात्राको दोषलाई गुणले जितेको छ।

www.prepp.in

**136.** कुनै जानकारीका लागि, विशेष क्षेत्रको भौगोलिक परिवेश तथा लोकजीवनको अध्ययनका लागि, अनुसन्धान र आविष्कारका लागि गरिने यात्रा तथा घुमफिरलाई के भनिन्छ?

(1) भौगोलिक सर्वेक्षण

(2) प्रायोजित भ्रमण

(3) शैक्षिक भ्रमण

(4) व्यवस्थित देशाटन

**137.** तलको कुन कुरा यात्रा गर्नाको एउटा उद्देश्य हो?

(1) मनोरञ्जन गर्नु तथा आनन्द लिनु

(2) विभिन्न किसिमका यान-वाहनमा चढ्नु

(3) विभिन्न किसिमका मानिसहरूसित भेटघाट गर्नु

(4) खानपिन र जीवनशैली फेर्नु

**138.** यात्रा वा देशाटनले कुन कुरामा नकारात्मक प्रभाव पार्छ?

(1) स्वास्थ्यमा

(2) मानिसको विचार गर्ने शक्तिमा

(3) शैक्षिक स्तरमा

(4) पारिवारिक व्यवस्थापनमा

**139.** यात्रामा आइपर्ने कठिनाइ तथा समस्याहरूबाट मानिसलाई के लाभ हुन्छ?

(1) धनार्जन गरी मानिस स्वावलम्बी हुन्छ

(2) समस्याहरूसँग जुझ्न र समाधान गर्न अभ्यस्त बनाउँछ

(3) मानिसले अर्को मानिसलाई भरोसा गर्न सिक्छ

(4) यात्राको तयारी गर्न सिकाउँछ

**140.** 'गार्हस्थ्य झमेला' भन्नाले के बुझिन्छ?

(1) घर-परिवारमा आइपरेका समस्यादि

(2) एउटै ठाउँमा बसेर गरिरहनु पर्ने काम

(3) शारीरिक तथा मानसिक विकार

(4) अरूमाथि आश्रित भइरहनु पर्ने अवस्था

www.prepp.in

**141.** कठिनाइ, सामना, आँट, आदत, भरोसा, साहस—यी शब्दहरूमाझ रहेको समानता के हो?

(1) सबै तत्सम शब्द हुन्

(2) सबै शब्द अरबेली स्रोतका हुन्

(3) सबै झर्रा वा ठेट शब्द हुन्

(4) सबै एउटै शब्दवर्गमा पर्ने शब्द हुन्

**142.** 'देशाटन' अर्थ द्योतन गर्ने पर्यायवाची शब्द कुन हो?

(1) स्थानान्तरण

(2) परिवहन

(3) पर्यटन

(4) यातायात

**143.** अनुच्छेदको कथ्यबाट तलको कुन कुरा उपयुक्त हो भनी मान्न सकिन्छ?

(1) सबै मानिस यात्रा गर्न उत्सुक र तत्पर रहन्छन्

(2) देशाटन शिक्षा र प्रत्यक्ष ज्ञानको एउटा माध्यम हो

(3) देशाटनबाट मानिसलाई लाभै लाभ मात्र छ

(4) देशाटनले संसार खुम्चिए जस्तै भएको छ

***निर्देश*** : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न सं० **144–150**) को उपयुक्त उत्तर चिन्हित गर्नुहोस्।

prepp Your Personal Exams Guide

हरेक मानिसका आफ्-आफ्ना भावना र कल्पना हुन्छन्। हरेक मानिसमा नयाँ नयाँ विचार उठ्तछ, हरेक मानिसका आपस्तमा केही न केही काम र कुराहरू पर्दछन्। यिनै व्यावहारिक कामकुरामा मानिस आफ्नो मनको भाव अरूका सामुन्ने व्यक्त गर्न थाल्दछ। मनको भाव व्यक्त गर्ने दुईवटा तरिका छन्—एउटा बोलेर र अर्को लेखेर। सो बोलिने र लेखेर बुझाउने कुरालाई भाषा भनिन्छ। अर्थात् जुन साधनले मानिस आफ्नो मनका विचार र भाव अरूलाई भन्छ त्यसको नाउँ हो भाषा। बोलेर आफ्नो मनका विचार र भाव प्रकट गरिने भाषालाई कथित भाषा र लेखेर प्रकट गरिने भाषालाई लिखित भाषा भनिन्छ। भाव-प्रकाशनका निम्ति चाहिने मूल तत्त्व भाषा हो। साङ्केतिक रूपमा पनि भाव प्रकट हुन्छ तापनि मनको भाव व्यक्त गर्ने सार्थक ध्वनि तथा लिखित अक्षरलाई भाषा भनिन्छ। भाषाद्वारा छिटो, छरितो र प्रस्टसित भाव व्यक्त गर्न मदद मिल्दछ। यति सजिलोसित भाव-प्रकाशन गर्न अरू कुनै साधन छैन। मानिस भावनाशील प्राणी हो। यसैले उसको र भाषाको अभिन्न सम्बन्ध छ। भाषाका मुख्य चारवटा प्रयोजन छन्—ठिकसित बोल्नु, सुन्नु र बुझ्नु, पढ्नु अनि लेख्नु।

**144.** भाषा के हो?

(1) कुनै व्यक्तिको जातीय चिनारी

(2) भाव प्रकट गर्ने तथा सम्पर्क गर्ने माध्यम

(3) शब्दहरूको समुच्चय

(4) एउटा पुस्ताबाट अर्को पुस्तामा जाने माध्यम

**145.** कथित भाषा र लिखित भाषामा के फरक छ?

www.prepp.in

(1) व्याकरणनिष्ठताको

(2) शिक्षा र संस्कृतिको

(3) भाव-प्रकाशनका माध्यमको

(4) सभ्य र असभ्य हुनाको

**146.** भाषाका प्रयोजनको पूर्ति तलको कुन कार्यमा भएको हुँदैन?

(1) रेडियोमा गीत सुन्दा

(2) समाचार पढ्दा

(3) चिठ्ठी लेख्दा

(4) स्टेडियममा खेल हेर्दा

**147.** तलको कुन भनाइ सही हो?

(1) भाव-प्रकाश गर्ने सबैभन्दा सजिलो साधन भाषा हो।

(2) भाषाबाहेक भाव-प्रकाश गर्ने अर्को साधन छैन।

(3) भाषाबिना व्यक्ति मरेतुल्य हो।

(4) भाषा प्रत्येक व्यक्तिको सम्पत्ति हो।

**148.** "मानिस भावनाशील प्राणी हो"—यस वाक्यमा 'मानिस' पदले कुन कारक बुझाउँछ?

Your Personal Exams Guide

(1) कर्ता

(2) कर्म

(3) करण

(4) सम्प्रदान

**149.** 'प्रस्टसित' पद प्रकार्यका दृष्टिले अव्यय हो भने यसको प्रकार कुन हो?

(1) नामयोगी

(2) संयोजक

(3) क्रियायोगी

(4) निपात

**150.** साङ्केतिक रूपमा भाव वा विचार प्रकट गरिएको उदाहरण कुन हो?

(1) स्विच थिचेर बत्ती बाल्नु

(2) ट्राफिक पुलिसका विभिन्न मुद्रा

(3) बेलुका बेलुका हिँड्नु

(4) रूखबाट आँप टिप्नु

www.prepp.in

Your Personal Exams Guide

www.prepp.in
Your Personal Exams Guide

Your Personal Exam Guide

***तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस् :***

www.prepp.in
Prepp
Your Personal Exams Guide

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनुपर्ने हो भन्नेबारे परीक्षा पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नुहोस्।

2. OMR को पृष्ठ-2 मा दिइएका चार वैकल्पिक उत्तरहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई कालो/नीलो बॉलपोइन्ट पेनले कालो पार्नुहोस्। एकपटक उत्तर कालो पारेपछि त्यसलाई बद्लाउन पाइने छैन।

3. परीक्षार्थीहरूले उत्तर पत्रिका दोबार्न वा भाँचभुच गर्न पाउने छैनन्। कुनै पनि उत्तरमाथि कोरकार नगर्ने। निर्दिष्ट गरेबाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्ने।

4. परीक्षा पुस्तिका र उत्तर पत्रिकालाई ध्यानपूर्वक प्रयोग गर्नुहोस्। कुनै परिस्थितिमा (केवलमात्र परीक्षा पुस्तिका र उत्तर पत्रिकाको सङ्केत या सङ्ख्यामा भिन्नताको स्थिति छोडेर) अर्को परीक्षा पुस्तिका दिइने छैन।

5. परीक्षार्थीले परीक्षा पुस्तिका/उत्तर पत्रिकामा दिइएको परीक्षा पुस्तिका सङ्केत र सङ्ख्या उपस्थिति-पत्रमा सही ढङ्गले लेख्नुपर्ने छ।

6. OMR उत्तर पत्रिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश-पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस्।

7. परीक्षार्थीले परीक्षाको समयमा प्रवेश-पत्र बाहेक कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामग्री आदि ल्याउन पाउने छैनन्।

8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन। यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्यवाही गरिने छ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ।

9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेश-पत्र देखाउनुपर्ने छ।

10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोड्न सक्ने छैनन्।

11. परीक्षार्थीले उत्तर पत्रिका नबुझाएसम्म परीक्षा भवन छोड्न पाउने छैनन्। परीक्षा भवन छोड्न अघि, उपस्थिति-पत्रमा पुनः हस्ताक्षर गर्नुपर्ने छ।

12. कुनै पनि विद्युतीय उपकरण राख्नु निषेध छ।

13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ। कुनै तरिकाले नियम उल्लङ्घन भएमा बोर्डको नियम-अनुसार दण्डको व्यवस्था गरिने छ।

14. परीक्षा पुस्तिका अनि उत्तर पत्रिका-को कुनै खण्ड च्यात्न वा छुट्याउन पाइने छैन।

15. परीक्षाको समाप्तिपछि परीक्षार्थीले आफ्नो उत्तर पत्रिका परीक्षकलाई बुझाउनुपर्ने छ तब-मात्रै परीक्षा भवन छोड्न पाइने छ। परीक्षार्थीले यो परीक्षा पुस्तिका साथमा लैजान पाउने छन्।

www.prepp.in

## निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर-पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **काले/नीले बॉलपॉइंट पेन** से भरें। एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर-पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ। परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें।
4. परीक्षा पुस्तिका एवं उत्तर-पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर-पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी।
5. परीक्षा पुस्तिका/उत्तर-पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाजिरी-पत्र में लिखें।
6. OMR उत्तर-पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी। इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्विच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए। इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और उनके विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें।
11. कार्यरत निरीक्षक को अपना उत्तर-पत्र दिए बिना एवं हाजिरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे। यदि किसी परीक्षार्थी ने दूसरी बार हाजिरी-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर-पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा। **परीक्षार्थी अपने बाएँ हाथ के अँगूठे का निशान हाजिरी-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ।**
12. इलेक्ट्रॉनिक/हस्तचालित परिकलक का उपयोग वर्जित है।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं। अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा।
14. किसी हालत में परीक्षा पुस्तिका और उत्तर-पत्र का कोई भाग अलग न करें।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल/कक्ष छोड़ने से पूर्व उत्तर-पत्र निरीक्षक को अवश्य सौंप दें।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं।***

## READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY :

Prepp Your Personal Exams Guide

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Black/Blue Ballpoint Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet/Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the Examination Hall/Room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the Examination Halls/Rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against them including cancellation of examination.
9. Each candidate must show on demand his/her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his/her seat.
11. The candidates should not leave the Examination Hall/Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic/Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Hall/Room.** ***The candidates are allowed to take away this Test Booklet with them.***